# तुलसीपुर उपमहानगरपालिकाको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विपन्न व्यक्ति पहिचान प्रमाणपत्र पाएका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धि कार्यविधि,

२०८१

नगर कार्यपालिकामा पारित भएको मितिः२०८१।०७।१३
प्रमाणिकरण भएको मितिः २०८१।०७।२७
पृष्ठ संख्याः ९ पाना (आवरण सहित)

..........................................
टीकाराम खड्का

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# तुलसीपुर उपमहानगरपालिको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विपन्न व्यक्ति पहिचान प्रमाणपत्र पाएका बिरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धि कार्यविधि, २०८१

**प्रस्ताबना,**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी गरिएको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि, २०७८" वमोजिम कार्यविधि अनुसार तुलसीपुर उपमहानगरपालिकामा नेपाल सरकारले गरिबी परिचयपत्र वितरण नभइ सकेको अवस्थामा दावी पुग्ने लाभग्राहीलाई संघीय सशर्त वजेट कार्यक्रमबाट उपचार खर्च उपलव्ध गराउने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकाले नेपालको संविधान २०७२, को धारा २२६ मा भएको व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाले 'तुलसीपुर उपमहानगरपालिकाको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विपन्न व्यक्ति पहिचान प्रमाणपत्र पाएका विरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि, २०८१" स्वीकृत गरि लागु गरेको छ।

## परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यबिधिको नाम "तुलसीपुर उपमहानगरपालिकाको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विपन्न पहिचान भई प्रमाणपत्र पाएका विरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०८१" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि" भन्नाले तुलसीपुर उपहानगरपालिकामा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीलाइ औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि २०७८ लाई कार्यान्वयन गर्न वनेको "तुलसीपुर उपमहानगरपालिकाको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विपन्न व्यक्ति पहिचान प्रमाणपत्र पाएका विरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०८१"सम्झनु पर्छ ।

(ख) "सम्वन्धित विषयको कार्यविधि" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि, २०७८" लाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "पालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनुपर्छ।

(ङ) "वडा समितिको कार्यालय" भन्नाले तुलसीपुर उपमहानगरपालिका मातहतका वडा समितिको कार्यालयलाई सम्झनुपर्छ ।

(च) "लक्षित समूह" भन्नाले सम्वन्धित विषयको कार्यविधिको दफा २ (ख) मा उल्लेख भए अनुसारको समूहलाई वुझ्नुपर्छ ।

(छ) "लाभग्राही" भन्नाले सम्वन्धित विषयको कार्यविधिको दफा २ (ग) मा उल्लेख भए वमोजिम सम्झनु पर्छ।

(ज) "गरिबी परिचय पत्र" भन्नाले नेपाल सरकारको सम्वंन्धित विषयको कार्यविधिमा उल्लेख भएको नेपाल सरकारले अत्यन्त विपन्न नागरिकलाई वितरण गरेको गरिबी परिचय पत्र भन्ने वुझ्नुपर्छ ।

(झ) "विपन्न व्यक्ति पहिचान सिफारिस समिति" भन्नाले वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा अन्य २ जना वडा सदस्यहरू सम्मिलित वडास्थित विपन्न व्यक्ति पहिचान सिफारिस समितिलाइ वुझ्नुपर्छ।

(ञ) "विपन्न व्यक्ति पहिचान प्रमाण पत्र" भन्नाले यस कार्यविधिको दफा २ को उपदफा (झ) वमोजिम सिफारिस भई आएका विपन्न व्यक्तिहरूलाई नगर कार्यपालिकाको निर्णयानुसार उपलव्ध गराइने विपन्न व्यक्ति पहिचान प्रमाण पत्र भन्ने वुझ्नुपर्छ ।

(ट) "नगरस्तरिय विपन्न व्यक्ति पहिचान तथा प्रमाणीकरण सिफारिस समिति" भन्नाले नगर प्रमुखको संयोजकत्वमा कार्यपालिकाका अन्य ६ सदस्यहरू सम्मिलित समितिलाइ वुझ्नुपर्छ ।

## परिच्छेद २
## समितिको गठन

३. (१) **वडास्तरिय विपन्न व्यक्ति पहिचान सिफारिस समितिको गठनः** (१) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि २०७८" लाई वडास्तरमा कार्यान्वयन गर्नका लागी वडास्तरमा एक विपन्न व्यक्ति पहिचान गरि प्रमाणीकरणका लागी सिफारिस गर्न देहाय बमोजिमको वडा अध्यक्षको संयोजकत्वमा एक ३ सदस्यीय तुलसीपुर उपमहानगरपालिका वडास्तरिय विपन्न व्यक्ति पहिचान सिफारिस समिति गठन गर्नुपर्नेछ ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडाको वडा सदस्य (महिला ) - सदस्य

(ग) वडा अध्यक्षले मनोनित गरेको १ सदस्य - सदस्य

(२) **नगरस्तरिय विपन्न व्यक्ति पहिचान तथा प्रमाणीकरण सिफारिस समितिको गठनः** सम्वन्धित विषयको कार्यविधि तथा सोही वमोजिम यस कार्यविधि अनुसार लाभग्राहीलाई उपचार खर्च उपलव्ध गराउने प्रयोजनका लागि मात्र (अन्य विशेष अवस्थामा नगर प्रमुख तथा कार्यपालिकावाट विपन्न व्यक्ति वा परिवारलाई आर्थिक सहयोग गर्न समेत) वडास्तरिय विपन्न व्यक्ति पहिचान सिफारिस समितिले विपन्न व्यक्ति पहिचान तथा सिफारिस गरि पठाएको "लाभग्राही" विपन्न व्यक्तिलाई पालिकाको नगर कार्यपालिकावाट विपन्न व्यक्ति पहिचानको निर्णय गराई विपन्न व्यक्ति पहिचान प्रमाणपत्र उपलव्ध गराउनका लागी नगर कार्यपालिकामा सिफारिस गर्न नगरस्तरमा नगर प्रमुखको संयोजकत्वमा देहाय वमोजिमको विपन्न व्यक्ति पहिचान प्रमाणपत्र सिफारिस समिति गठन गर्नुपर्नेछ ।

क) नगर प्रमुख, तुलसीपुर उपमहानगरपालिका - संयोजक

टिकाराम खड्का

ख) नगर उप प्रमुख, तुलसीपुर उपमहानगरपालिका - सदस्य

ग) संयोजक, विधायन समिति तुलसीपुर उपमहानगरपालिका - सदस्य

घ) संयोजक, सामाजिक विकास समिति, नगर कार्यपालिका - सदस्य

ङ) संयोजक, सुशासन समिति, नगर कार्यपालिका, - सदस्य

च) नगरप्रमुखले मनोनयन गरेको सामाजिक क्षेत्रको समाजसेवी व्यक्ति -सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(३) संयोजन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) सदस्य सचिवले बैठकको कार्यसूची संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(५) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(६) बैठकमा कुनै खास विषयविज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) सदस्यहरुलाई बैठक वस्ने जानकारी र वैठकमा पेश हुने कार्यसूचि सामान्यतयाः तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घन्टा अघि जानकारी दिई बैठक वस्न वाधा पर्ने छैन।

(८) बैठकको निर्णय बहुमतबाट हुनेछ र संयोजक र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन।

(९) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(१०)सचिवालयको काम महिला वालवालिका, जेष्ठ नागरिक तथा सामाजिक विकास शाखाले गर्नेछ ।

**४. वडास्तरिय विपन्न व्यक्ति पहिचान सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारको नियम वमोजिम यस पालिकामा गरिबी परिचय पत्र जारी नहुँदासम्मको लागी मात्र सम्वन्धित विषयको कार्यविधि लागु गर्ने उद्देश्यले वडा समितिको कार्यालयले यस कार्यविधिको दफा ३ (१) अनुसार वडावासी व्यक्तिले विपन्न भनि सिफारिस गरिदिनुहुनु भनि निवेदन दिएको आधारमा निर्णय गरि उपमहानगरपालिकामा विपन्न व्यक्ति पहिचान प्रमाणपत्रका लागी सिफारिस गर्ने ।

(ख) पालिकावाट विपन्न व्यक्ति पहिचान भएको प्रमाणपत्रका आधारमा वडासमितिको कार्यालयले सम्वन्धित कार्यविधिको अनुसूची २ (दफा ३ संग सम्वन्धित) का अनुसार लाभग्राहीले पाउनुपर्ने रकम भूक्तानी उपलव्ध गराउन प्रकृया अगाडि वढाउने।

(ग) वडास्तरमा उपचार खर्च लिइरहेका लाभग्राही विपन्न व्यक्तिहरूको तथ्याँक विवरण अद्यावधिक गर्ने ।

(घ) उपचार खर्च लिइरहेका लाभग्राही विपन्न व्यक्तिहरूको त्रैमासिक रूपमा नगर कार्यपालिकामा प्रतिवेदन गर्ने ।

(ङ) रकम भुक्तानी वा शोधभर्नाका लागी नगर कार्यपालिकासँग समन्वय गर्ने ।

**५.नगरस्तरिय विपन्न व्यक्ति पहिचान प्रमाणपत्र सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारको नियम वमोजिम यस पालिकामा गरिबी परिचय पत्र जारी नहुँदासम्मको लागी मात्र उपरोक्त सम्वन्धित विषयको कार्यविधि लागु गर्ने उद्देश्यले यस कार्यविधिको दफा ३ (१) अनुसार वडास्तरमा गठीत समितिको सिफारिस वमोजिम विपन्न व्यक्ति पहिचान तथा

प्रमाणीकरणका लागी नगर कार्यपालिकामा सिफारिस गर्ने र सोही वमोजिम विपन्न व्यक्ति पहिचान तथा प्रमापत्र जारी गर्ने कार्य गर्न सम्वन्धित शाखा महाशाखालाई आदेश गर्ने ।

(ख) पालिकावाट विपन्न व्यक्ति पहिचान भएको प्रमाणपत्रका आधारमा वडासमितिको कार्यालयले भूक्तानीको लागि सिफारिस भएका विपन्न पहिचान भएका व्यक्तिका लागी सम्वन्धित कार्यविधिको दफा २ को (ख) र (ग) अनुसार लाभग्राहीले पाउनुपर्ने रकम भूक्तानी प्रकया अगाडि वढाउन निर्देशन गर्ने ।

(ग) सम्वन्धित कार्यविधि अनुसार भुक्तानी भएको रकम शोधभर्नाका लागी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अभिलेख तथा प्रतिवेदन गर्ने ।

परिच्छेद ३

**विपन्न व्यक्ति पहिचान सिफारिस तथा प्रमाणीकरणका आर्थिक सामाजिक आधारहरूः**

६. तुलसीपुर उपमहानगरपालिकामा संघीय सरकारको गरिबी परिचय पत्र जारी नहुँदासम्मका लागी संम्वन्धित विषयको कार्यविधि वमोजिम लाभग्राहीलाई उपचार खर्च उपलव्ध गराउन तपसीलका आधारमा विपन्न व्यक्ति पहिचान, सिफारिस तथा प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

क) असाध्यै गरीव, घरवार विहीन, सहाराविहीन, परिवारमा कमाउने कोही पनि नभएको ।

ख) खेतिपाती, उव्जनी वा श्रमको कमाइवाट वर्षमा ९ महिनाभन्दा वढि खान नपुग्ने।

ग) ग्रामीण क्षेत्रमा परिवारको खेतियोग्य जमीन ३ कठ्ठा भन्दा वढी नभएको।

घ) घरमा कोहिपनि सरकारी वा गै.स.स. वा प्राइभेट व्यापारीक संस्थामा जागीरे नभएको।

ङ) गाँउ क्षेत्रमा इन्टरनेट सुविधा सहितको पक्की घर वा वजार क्षेत्रभित्र पक्की घर नभएको नरहेको।

च) एकाघरको परिवारमा सवारीको साधन (स्कुटर, मोटरसाइकल, तीनपाँग्रे तथा चारपाँग्रे गाडी ) नभएको हुनुपर्ने ।

छ) ऐलानी पर्ति जग्गाको हकमा पक्की घर वनाइ भाडामा नलगाएको हुनपर्ने।

ज) सम्वन्धित व्यक्ति वा एकाघरका सदस्यको नाममा कुनैपनि बैंकमा नगद मौज्दात अधिकतम २५ हजार भन्दा वढि नभएको ।

झ) शहरी क्षेत्रको बसोबासिका हकमा ६ धुर भन्दा वढि जग्गा नभएको।

ञ) अन्यको हकमा लाभग्राहीले आफु विपन्न नै भएको, माथी उल्लेखित कुनै पनि अवस्था वाहेक अन्यथा भएमा कानुन वमोजिम सहूँला वुझाउँला भनी लिखित निवेदन दिएको ।

ट) विपन्न भनि निर्णय गर्न नसकेमा स्थानीय समुदायका परिचित ५ जना नागरिकहरूले सर्जिमिन मुचल्का गरि विपन्न नै हो भनि प्रमाणीत गरेको व्यक्ति।

ठ) उपरोक्त आधारहरू मध्ये कुनै पनि ५ प्रकारका आर्थिक सामाजिक अवस्थाहरूका आधारमा मात्र विपन्न व्यक्ति पहिचान गर्न सकिनेछ । अन्यथा विपन्न पहिचान तथा प्रमाणीकरणका लागी सिफारिस गर्न पाइने छैन।

**परिच्छेद ४**

**विविध**

७. यो कार्यविधिमा जुनसुकै कुरा लेखेको भएतापनि यस पालिकाका लागि नेपाल सरकारले गरिबी परिचय पत्र जारी गरेमा हाल यस कार्यविधि अनुसार उपचार खर्च पाउने बिरामीले गरिबी परिचय पत्र प्राप्त नगरेमा यो उपचार खर्चमा दावी गर्न पाउने छैन।

टिकाराम खड्का
नगर प्रमुख

टिकाराम खड्का
नगर प्रमुख

८. हाल यो कार्यविधि अनुसार उपचार खर्च पाउने लाभग्राहीले नेपाल सरकारले अफ्नो नाममा गरिबी परिचय पत्र जारी नगरेमा यो सुविधा दावी गर्ने छैन भनि प्रतिज्ञा पत्रमा हस्ताक्षर गर्नुपर्नेछ।

९. यस कार्यविधिमा नलेखिएको कुरा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी सम्वन्धित सम्बन्धित विषयको कार्यविधि अनुसार नै हुनेछ ।

१०. नगरस्तरीय विपन्न व्यक्ति पहिचान तथा प्रमाणीकरण समितिवाट पेश भइ नगर कार्यपालिकामा निर्णय भए पश्चात मात्र लाभग्राही विपन्न व्यक्तिले दावी गरेको उपचार खर्च प्राप्त गर्न सक्नेछ। लाभग्राहि व्यक्तिले भुक्तानीको लागी सम्वन्धित विषयको कार्यविधि बमोजिम वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ।

११. **कार्यविधि संशोधनः** पालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

१४. **खारेजी र बचाउः** नेपाल सरकारवाट तुलसीपुर उपमहानगरपालिकामा गरिबी परिचय पत्र वितरण भएमा नेपाल सरकारवाट जारी सम्वन्धित विषयको कार्यविधि अनुसार नै उपचार खर्च उपलब्ध हुनेछ । सो अवस्थामा यो कार्यविधि स्वतः खारेज भएको मानिनेछ।

टिकाराम खड्का
नगर प्रमुख

अनुसूची १

(परिच्छेद २ दफा ४ (क) संग सम्वन्धित )

### विपन्न व्यक्ती पहिचान तथा प्रमाणीकरणका लागी सिफारिस फारम

श्रीमान नगर प्रमुखज्यू ,
नगरस्तरीय विपन्न व्यक्ति पहिचान तथा प्रमाणिकरण सिफारिस समिति
तुलसीपुर उपमहानगरपालिका,
तुलसीपुर, दाङ

प्रस्तुत विषयमा तुलसीपुर उपमहानगरपालिकाको "तुलसीपुर उपमहानगरपालिकाको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीलाइ औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि, २०८१" अनुसार लाभग्राही नागरिकलाई तुलसीपुर उपमहानगरपालिकामा उपचार खर्च उपलव्ध गराउन यस वडा स्थित वडास्तरीय विपन्न व्यक्ति पहिचान सिफारिस समितिको मिति ............................................को निर्णय अनुसार तपसिलको विवरण भएको व्यक्तिलाइ विपन्न पहिचान गरि अवश्यक प्रमाणीकरणका लागी तहाँ सिफारिस गर्दछु ।

तपसिल,

१. नामथरः ..........................................२. उमेर ............................३. लिँगः म । पु
२. स्थायी ठेगानाः ....................जिल्ला..................................उ.म.पा.। न.पा. । गा.पा.
३. हाल वसोवास भएको ठेगानाः तुलसीपुर उ.म.पा. वडा नं..............टोल .......................दाङ ।
४. विपन्न व्यक्ति पहिचान तथा प्रमाणीकरण सिफारिसका अधारहरूः (कार्यविधिको परिच्छेद ३ दफा ६ अनुसार )
   क)..................................
   ख)....................................
   ग)......................................
   घ)......................................
   ङ)...........................................
५. विपन्न व्यक्तिको रोगको प्रकार
   क) मृगौला प्रत्यरोपण गरेका
   ख) डायालाइसिस गराइरहेका
   ग) क्यान्सर वा क्यान्सर फलो अपमा रहेको
   घ) मेरूदण्डको पक्षघात ( अपाँगताको रातो र निलो परिचय पत्र वाहक)
६. सिफारिस गर्नेः

वडा अध्यक्षको नामः
हस्ताक्षरः
छापः
मितिः

अनुसूची २
( परिच्छेद ४, विविध दफा ८ संग सम्वन्धित )

**प्रतिज्ञा पत्र**

श्रीमान वडा अध्यक्षज्यु,

.................................वडा समितिको कार्यालय,
तुलसीपुर उपमहानगरपालिका, दाङ ।

प्रस्तुत विषयमा म ..........................................रोगको विरामी भएको र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीलाइ औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि २०७८" अनुसार तुलसीपुर उपमहानगरपालिकावाट जारी भएको "तुलसीपुर उपमहानगरपालिकाको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीलाइ औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि, २०८१" ले व्यवस्था गरे वमोजिम तुलसीपुर उपमहानगरपालिकामा नेपाल सरकारले गरिबी परिचयपत्र वितरण नगर्दासम्म उपरोक्त कार्यविधि वमोजिम र गरिबी परिचयपत्र विरतरण गरेको हकमा सोही अनुसार उपचार खर्च दावी गर्न । भूक्तानी लिन मन्जुर भइ यो प्रतिज्ञा पत्रमा हस्ताक्षर गर्दछु ।

.................................
नाम थरः
उमेरः
ठेगानाः
<u>साँची</u>
नामथरः
ठेगानाः
ना.नं.

टिकाराम खड्का
नगर प्रमुख

अनुसूची ३
(कार्यविधिको परिच्छेद २, दफा ५ (क) संग सम्वन्धित)
**(विपन्न व्यक्ति पहिचान प्रमाणपत्र)**

(तुलसीपुर उपमहानगरपालिको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विपन्न पहिचान भई प्रमाणपत्र पाएका बिरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि,२०८१को अनुसूची ३ को प्रयोजनार्थ )

**तुलसीपुर उपमहानगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**तुलसीपुर, दाङ**

**लुम्बिनी प्रदेश, नेपाल**

# विपन्न व्यक्ति पहिचान प्रमाणपत्र

मितिः.....................

विपन्न व्यक्तिको नाम थरः .......................... उमेरः ...........
नागरिकता नं. वा रा.प.प.नं........................ जारी गर्ने जिल्लाः .................
बाबुको नामः ...........................
आमाको नामः ................................
स्थाथी ठेगानाः जिल्लाः ................ गा.पा.।न.पा.। उ.म.पा.
हालको ठेगानाः तुलसीपुर उपमहानगरपालिका वडा नं. ........... गाँउ।

बसाइसराइ गरि आएको ☐ बसाइसराइ गरेको मितिः........................
विपन्न व्यक्ति पहिचान निर्णय मितिः ......................

जारी गर्ने अधिकारीको नामः ............................
पद तहः ..................
हस्ताक्षरः ..................
मितिः ......................

टिकाराम खड्का
नगर प्रमुख